# कक्षा ९ मा अध्ययनरत विद्यार्थीको वादविवाद लेखन क्षमता

**शोधार्थी**

कविता सापकोटा

क्याम्पस रोल नं. १८

परीक्षा क्रमाङ्क २८८००२५/२०७०

त्रि.वि.दर्ता नं. ९-२-२३९-१४०-२००८

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत

नेपाली भाषा शिक्षण स्नातकोत्तर तह (एम.एड.)

दोस्रो वर्षको नेपाली शिक्षा ५९८ को

प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**

नेपाली भाषा शिक्षण विभाग

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ

२०७३/२०१७

# समुद्घोषण

मेरो जानकारीमा यो मौलिक शोधपत्र हो । यसका कुनै पनि अंश प्रतिलिपि प्रकाशित र शोध प्रयोजन स्वरुप उपाधि लिन विश्व विद्यालयमा प्रस्तुत गरिएको छैन भनी समुद्घोषण गर्दछु ।

६ फेब्रुअरी, २०१७

.....................

**कविता सापकोटा**

**शोधार्थी**

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको शोधपत्र श्रद्येय गुरु उपप्राध्यापक श्री सुशीलप्रसाद वाग्लेको कुशल निर्देशनमा तयार पारेको हुँ । यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न अनेकौं व्यस्तता हुँदा पनि आफ्नो अमूल्य समय प्रदान गरी कुशल निर्देशन, सल्लाह, सुझाव एवम् उत्साहबद्र्धक प्रेरणा दिइ पथप्रदर्शनको महत्त्वपूर्ण भूमिकामा रहनु भएका शोध निर्देशकज्यूप्रति हृदयदेखि हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

प्रस्तुत विषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख सहप्राध्यापक डा. ईश्वर चन्द्र वाग्लेज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । प्रस्ततु शोधपत्र तयार पार्दा आवश्यक सल्लाह र सुझाव प्रदान गरी मेरो यस कार्यलाई सही गन्तव्यमा पुऱ्याउनु हुने आदरणीय गुरु उपप्राध्यापक डा. राम कुमार अधिकारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यसै क्रममा निरन्तर रुपमा सल्लाह र सुझाव प्रदान गर्नुहुने क्याम्पस प्रमुख श्रीकृष्ण न्यौपाने, निवर्तमान क्याम्पस प्रमुख वैकुण्ठ न्यौपाने, सहायक क्याम्पस प्रमुख महाप्रसाद हड्खलेज्यूप्रति आभार व्यक्त गर्दछु ।

मेरो अध्ययनलाइ यहाँसम्म ल्याउन अनेक बाधा व्यवधानको सामना गर्दै हरेक क्षेत्रबाट सदा सहयोग, सल्लाह, सुझाव र हौसला दिई अग्रता प्रदान गर्नुहुने पिता शिव कुमार सापकोटा, माता आरती सापकोटा, श्रीमान नारायण पौडेलप्रति म आजीवन ऋणी छु । साथै यस शोधकार्यलाई पुरा गर्नमा हर बखत सहयोग गर्ने बहिनीहरु (कुसुम, कामना, कोहिनुर) र आत्मीय मित्र गीता वाग्ले खनालप्रति आभार प्रकट गर्दछु । प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलनका क्रममा सहयोग गर्ने सम्बन्धित विद्यालयका प्राध्यापक, सहायक प्राध्यापक, विषय शिक्षक, विद्यार्थीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मित्र शोभा पौडेलप्रति आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा छिटो छरितो रुपमा टङ्कन गर्नुहुने तथा शुद्ध रुपमा सच्याएर सेटिङ गर्नुहुने स्वस्तिका स्टेसनरी दमौलीका प्रेम बहादुर आले मगरप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस शोधपत्रको समग्र मूल्याङ्कनका लागि आदिकवि भानुभक्त क्याम्पस शिक्षाशास्त्र सङ्काय नेपाली विभागमा प्रस्तुत गर्दछु ।

**कविता सापकोटा**

# शोधसार

प्रस्तुत शोधको शीर्षक **कक्षा नौमा अध्ययनरत विद्यार्थीको वादविवाद लेखन क्षमता** रहेको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो ।

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य तनहुँ जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमता कस्तो रहेको छ ?, विद्यालयको प्रकृतिका आधारमा संस्थागत विद्यालय र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वादविवद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ? र छात्रछात्राको वादविवाद लेखन क्षमता कस्तो छ भनी विश्लेषण गरिएको छ । यस शोधपत्रका निम्ति सामग्री सङ्कलन गर्ने क्रममा तनहुँ जिल्ला भित्रका सामुदायिक ५ विद्यालय र संस्थागत ५ विद्यालय गरी जम्मा १० वटा विद्यालयबाट ८० जना विद्यार्थीहरुलाई प्रतिनिधि नमुनाको रुपमा समावेश गरिएको छ ।

प्रस्तुत शोधकार्यको शीर्षक प्रत्यक्ष रुपमा विद्यार्थीहरुसँग सम्बन्धित भएकाले विद्यर्थीहरुलाई नै केन्द्रविन्दु बनाइ नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । यसरी शोधकार्य मुलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र सर्वेक्षण विधि अंशतः पुस्तकालय विधिमा आधारित रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

प्रस्तुत अध्ययनमा तनहुँ जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको विश्लेषण गरिएको छ । ती विद्यार्थीहरुमा विश्लेषण गर्दा विद्यार्थीहरुमा वादविवाद सम्बन्धी धारणात्मक ज्ञानको विकास गराए तापनि विद्यार्थीहरुमा विषय वस्तुको प्रस्तुतीकरण सम्बन्धी सिपगत धारणाको विकास हुन नसकेको पाइन्छ । सम्बोधन विषय प्रवेश, विषय वस्तुको तर्कपूर्ण प्रस्तुति, मौलिकता, खण्डन मण्डन, भाषिक शुद्धता इत्यादि पक्ष वादविवादका केन्द्रिय पक्ष हुन् । तर यस तर्फ विद्यार्थीहरु अनविज्ञ रहेको प्रस्तुत अध्ययनले देखाएको पाइन्छ ।

यसरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरुलाई धन भन्दा विद्या ठूलो शीर्षकमा वादविवाद लेख्न लगाउँदा संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमता उच्च रहेको पाइएको छ ।

संस्थागत विद्यालयमा एउटा मात्र नेपाली विषय भएका कारणले गर्दा उनीहरुको लेखन क्षमतामा कमजोर भएको पाइन्छ । वादविवाद लेख्दा सम्बोधन, विषयको उठान, अनुच्छेदको गठन, खण्डन मण्डन, भाषिक शुद्धता जस्ता पक्षमा निकै कमजोर रहेको पाइयो । लेख्दा कसैले सम्बोधन नगरीकन लेखेको पाइन्छ भने कुनै विद्यार्थीहरुले अनुच्छेद गठन नगरी एउटै अनुच्छेदमा नै आफ्ना भनाइहरु प्रस्तुत गरेको पाइन्छ । भाषिक शुद्धतालाई हेर्दा झन निकै कमजोर रहेको भेटियो । यसरी सामुदायिक विद्यालयका विद्यार्थी र संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको वादविवाद लेखन क्षमता उच्च रहेको पाइन्छ ।

छात्रा र छात्रको वादविवाद लेखन क्षमता तुलना गर्दा छात्र भन्दा छात्राको वादविवाद लेखन क्षमता राम्रो रहेको देखिन्छ । छात्राहरुले वादविवाद लेख्दा नियमानुसार लेखेको सम्बोधन, विषयको उठन, खण्डन मण्डन, भाषिक शुद्धता जस्ता पक्षहरुमा छात्रको भन्दा छात्राको नै राम्रो देखिन्छ । छात्रहरुको लेखाइ क्रम हेर्दा खासै विषय वस्तुमा केन्द्रित नभएर खण्डन मण्डन केही कसैले मात्र गरेको, लेख्दा शुद्ध नभएको जस्ता कमजोर पक्ष रहेको पाइन्छ । यी सबै नतिजा विश्लेषण गर्दा छात्र भन्दा छात्राको वादविवाद लेखन क्षमता निकै उच्च रहेको पाइन्छ ।

# विषय सूची


पृष्ठ सङ्ख्या

सिफारिस पत्र

स्वीकृति पत्र

समुद्घोषण

कृतज्ञता ज्ञापन

शोधसार

सङ्क्षिप्त शब्द सूची

चिन्ह सूची

विषय सूची

तालिका सूची

अध्याय : एक

परिचय १-५

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ शोधकार्यको उद्देश्य ३

१.४ शोधको औचित्य ३

१.५ शोधको सीमाङ्कन ४

१.६ शोधपत्रको अध्ययन योजना ५

अध्याय : दुई

पूर्वकार्यको समीक्षा तथा उपयोग ६-१०

२.१ पृष्ठभूमि ६

२.१ पूर्वकार्यको समीक्षा ६

२.२ समीक्षात्मक अध्ययनको प्रयोग १०

२.३ सैद्धान्तिक रुपरेखा १०

## अध्याय : तिन


**शोध विधि र प्रक्रिया** **११-१३**

३.१ पृष्ठभूमि ११

३.२ तथ्याङ्कको स्रोत ११

३.२.१ प्राथमिक स्रोत ११

३.२.२ द्‌वितीय स्रोत १२

३.३ जनसङ्ख्या र अध्ययन क्षेत्र १२

३.४ नमुना छनोट १२

३.५ तथ्याङ्क तथा सूचना सङ्कलन उपकरण १२

३.५.१ सामग्री निर्माण १३

३.५.२ मूल्याङ्कनका आधारहरु १३

३.६ तथ्यहरुको विश्लेषण १३


## अध्याय : चार


**नतिजा र छलफल** **१४-२७**

४.१ नतिजा १४

४.१.१ कक्षा नौ मा अध्ययनरत विद्‌यार्थीहरुको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन १४

४.१.१.१ सम्बोधन १४

४.१.१.२ विषयको उठान १५

४.१.१.३ अनुच्छेदको गठन १७

४.१.२ सामुदायिक तथा संस्थागत विद्‌यालयका विद्‌यार्थीहरुको वादविवाद लेखन क्षमताको बिचमा तुलना १८

४.१.२.१ सम्बोधन १८

४.१.२.२ विषयको उठान १९

४.१.२.३ अनुच्छेदको गठन २१

४.१.२.४ खण्डन मण्डन २२

४.१.२.५ ह्रस्व दीर्घ (वर्ण विन्यास) २२

४.१.३ छात्रा र छात्रको वादविवाद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन २३
४.१.३.१ सम्बोधन २३
४.१.३.२ विषयको उठान २४
४.१.३.३ अनुच्छेदको गठन २५
४.१.३.४ खण्डन मण्डन २६
४.१.३.५ ह्रस्व दीर्घ (वर्ण विन्यास) २६

**अध्याय : पाँच**

**सारांश, निष्कर्ष र उपयोग २८-३२**
५.१ सारांश २८
५.२ निष्कर्ष २९
५.२.१ पहिलो उद्देश्यको निष्कर्ष २९
५.२.२ दोस्रो उद्देश्यको निष्कर्ष ३०
५.२.३ तेस्रो उद्देश्यको निष्कर्ष ३०
५.३ उपयोग ३१
५.३.१ नीतिगत तह ३१
५.३.२ प्रयोग तह ३१
५.४ भावी अनुसन्धान ३२
**सन्दर्भ सूची**
**परिशिष्टहरु**

# तालिका सूची


| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| तालिका नं. १ सम्बोधन | १४ |
| तालिका नं. २ विषयको उठान | १५ |
| तालिका नं. ३ अनुच्छेदको गठन | १७ |
| तालिका नं. ४ सम्बोधन | १८ |
| तालिका नं. ५ विषयको उठान | १९ |
| तालिका नं. ६ अनुच्छेदको गठन | २१ |
| तालिका नं. ७ खण्डन मण्डन | २२ |
| तालिका नं. ८ सम्बोधन | २३ |
| तालिका नं. ९ विषयको उठान | २४ |
| तालिका नं. १० अनुच्छेदको गठन | २५ |
| तालिका नं. ११ खण्डन मण्डन | २६ |

# चिन्ह सूची

| | |
|---|---|
| । | पूर्ण विराम चिन्ह |
| , | अल्प विराम चिन्ह |
| / | विकल्प चिन्ह |
| ? | प्रश्न वाचक चिन्ह |
| ( ) | कोष्ठक चिन्ह |
| % | प्रतिशत |
| : | विसर्ग चिन्ह |
| - | रेखाङ्कित चिन्ह |

# सङ्क्षिप्त शब्द सूची

| | |
|---|---|
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| उप.प्रा. | उपप्राध्यापक |
| एम.एड. | मास्टर अफ एजुकेशन |
| पृ. | पृष्ठ |
| नं. | नम्बर |
| वि.सं. | विक्रम सम्वत् |
| ई.सं. | ईस्वी सम्वत् |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं. | तेस्रो संस्करण |